# उच्च अदालत पाटन

## प्रेस विज्ञप्ति

मितिः २०७७/०२/३२

कोराना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछिका बिभिन्न मितिमा भएका पूर्ण बैठकको निर्णय एवं यस अदालतको पूर्ण बैठक एवं उच्च अदालत वार एशोसियसन, उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालय समेतसँग छलफल गरी भएको निर्णयानुसार पक्राउ पूर्जीको अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन, महामारीसँग सम्बन्धित गंम्भीर प्रकृतिका निवेदन, रकम तिरी कैदबाट छाड्न दिइने निवेदन र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैद वापतको रकम तिरी पाउँ भन्ने निवेदन तथा बालबालिकासँग सम्बन्धित निवेदन र बन्दीप्रत्यक्षीकरणका निवेदनका अतिरिक्त म्याद थप, अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश तथा नेपाल सरकारको तर्फबाट दायर हुन आएका पुनरावेदन दर्ता लगायतका काम कारवाहीहरु हुँदै आएकोमा थप काम कारवाही र सेवा प्रवाह गर्ने विषयमा मिति २०७७/०२/२१ मा उच्च अदालत वार एशोसियसन र सम्बन्धित सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताहरुसँगको छलफल एवं यस अदालतको पूर्ण बैठकको निर्णय समेतको आधारमा मिति २०७७/०२/२५ गतेदेखि थप काम कारवाही र सेवा समेत प्रवाह गर्ने गरी यस अदालतको मिति २०७७।२।२३ मा प्रकाशित विज्ञप्ति सबैमा विदितै छ।

यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको मिति २०७७।२।१६ च.नं.१८९६ को पत्रकै सम्बन्धमा थप काम कारवाही र सेवा प्रवाह गर्ने विषयमा मिति २०७७/०२/३२ मा उच्च अदालत वार एसोसिएशनका अध्यक्षज्यू सहितका पदाधिकारी सरोकारवाला निकायसँग छलफल हुँदा मिति २०७७।२।२३ मा प्रकाशित विज्ञप्तिमा उल्लिखित कामकारवाही र सेवाका अतिरिक्त मिति २०७७/०३/०१ गतेदेखि देहाय अनुसार थप कामकारवाही र सेवा प्रवाह गर्ने गरी व्यवस्था मिलाईएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

देहायः

१. सबै प्रकारका रिट निवेदन (निषेधाज्ञा समेत) दर्ता गरी अन्तरिम आदेशको छलफल र जारी भएको अन्तरिम आदेश खारेज गरी पाउँ भनी पर्न आएका निवेदन सम्म सुनुवाई गर्ने र पक्षले लिखित जवाफ लिई हाजिर हुन आएमा लिखित जवाफ दर्ता गरी तारेख दिने व्यवस्था गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गतका निवेदन दर्ता र प्राप्त प्रतिवेदनको सुनुवाई हुँदै आएकोमा अब मुलुकी देवानी कार्यविधि संहिता,२०७४ अन्तर्गतका निवेदनको दर्ता र प्राप्त प्रतिवेदनको सुनुवाई प्रारम्भ गर्ने।

३. थुनामा रहेका व्यक्ति पुनरावेदक वा विपक्षी भएका सामान्य फौजदारी,बैंकिङ्ग कसूर र राजस्व चुहावट समेतका मुद्दामा सुनुवाईको लागि निज थुनामा रहेको व्यक्तिले मुद्दा कारवाहीको जानकारी प्राप्त गरेको सुनिश्चित भएमा वा निजको कानून व्यवसायीको प्रतिनिधित्व हुन सक्ने अवस्थाका मुद्दाको कारवाही र सुनुवाई गर्ने।

४. नेपाल सरकार पुनरावेदक भएका मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भई मुद्दाका पक्षले म्याद गुजारी मिति २०७६।१२।०९ अगावै थाम्ने थमाउने अवधि व्यतित भएको अवस्थाका मुद्दाहरु र सबै प्रकारका मुद्दाहरुमा पक्ष उपस्थित भई पेशी तारेख लिन सहमत भएका मुद्दाको सुनुवाई गर्ने।

५. सम्मानित सर्वोच्च अदालतको मिति:२०७७/०२/१५ को आदेशको प्रतिकूल नहुने गरी पूर्ण रुपले बन्दाबन्दी खुलेका वखत पाउने सुविधामा कुनै फरक नपर्ने गरी प्रकृया पूरा गरी दर्ता गर्न पक्ष उपस्थित भएमा सबै प्रकारका पुनरावेदन (देवानी र फौजदारी) दर्ता गर्ने।

६. मुद्दाका सरोकारवाला पक्ष वा निजको तर्फबाट प्रतिनिधित्व गरि कुनै व्यक्ति नक्कल लिन आएमा प्रकृया पूरा गरि नक्कल उपलब्ध गराउने।

७. कोरोना भाइरस संक्रमणको अवस्था, कानून व्यवसायी एवं सेवाग्राहीको उपस्थिति तथा व्यवस्थापकीय पक्षसमेतलाई मध्यनजर गरी मुद्दाको सुनुवाई वा थप सेवा प्रवाह गर्न सकिने अवस्था भएमा वा माथि उल्लिखित मुद्दाहरुको सुनुवाई वा सेवा प्रवाह समेत स्थगन गर्नु पर्ने अवस्था आएमा सम्बन्धित सरकारी वकीलको कार्यालय र उच्च अदालत वार एशोसियसन लगायतका सरोकारवालाहरुसंग छलफल र समन्वय कायम गरी गर्दै जाने।

शम्भु प्रसाद रेग्मी
उपरजिष्ट्रार/प्रवक्ता